

# बेफ्रन्ट पार्कवे सेन्ट्रल करिडोर सुधार परियोजना समाचारपत्र

### एरी डाउनटाउन तथा द वाटरफ्रन्ट बिच एक मजबुत सम्बन्ध सिर्जना गर्दै

pennsylvania DEPARTMENT OF TRANSPORTATION

फेब्रुवरी **2021** भोलुम**. 2** नं**. 1**

## प्रस्तावित राउण्डअबाउटहरु सहकर्मी समीक्षा अन्तर्गत छन्: यसको मतलव के हो?

यातायात विभाग पेन्सिल्भानिया (PennDOT) को लागी, बृहत र जटिल परियोजनाहरुले निर्माणदेखि पुरा होइन्जेलसम्म डिजाइन गर्नको लागी योजनाबाट काममा अघि बढ्न लगभग दिनहुँजसो बैठक तथा संवादहरु सामेल गर्दछन्।

यी छलफलहरुले आन्तरिक वा बाह्य साझेदार र स्टेकहोल्डरहरुको कुनै पनि संख्या समावेश गर्न सक्दछन्; र बैठकहरुले कहिलेकांहि सहकर्मी समीक्षा भनिने एक प्रक्रिया समावेश गर्दछन्।

सिटी अफ एरीसंगको संवादहरुमा आधारित, यसको परिषद र सार्वजनिक, यो निर्धारित गरिएको थियो कि बेफ्रन्ट पार्कवे केन्द्रिय करिडोर सुधार परियोजनामा समावेश गरिएका प्रस्तावित राउण्डअबाउटहरु परियोजनाको उद्देश्य र आवश्यकता पूरा गर्नको निमित्त सर्वोत्तम नतिजाहरु सुनिश्चित गर्नको लागी सहकर्मी समीक्षाबाट पार हुन्छन् तथा सम्पूर्ण प्रयोगकर्ताहरुको सुरक्षा आवश्यकता पर्दछ।

### सहकर्मी समीक्षा के हो?

सहकर्मी समीक्षा एक आन्तरिक प्रक्रिया हो जहाँ एक सल्लाहकार (सहकर्मी)ले डिजाइनमा सम्भव हुने समन्वय तथा सुधारहरु खोज्न प्रारम्भिक परामर्शदाताको डिजाइन कार्यको समीक्षा गर्दछ। यसले दुई सल्लाहकार टोलीहरु तथा PennDOT बिच हुने बैठकहरुको एक संयोजन समावेश गर्दछ। जस्तै, एक अनसाइट फिल्ड भ्यु तथा राउण्डअबाउट डिजाइन कार्यशाला।

केहि उदाहरणहरुमा, सहकर्मीले पुरा गरेको स्वतन्त्र समीक्षा र गणनाहरुले डिजाइनमा परिवर्तनको लागी सिफारिशहरु निम्त्याएको छ। बेफ्रन्ट पार्कवे परियोजनाको मामिलामा, प्रारम्भिक कन्सल्टेन्ट पिटर्सबर्गका इंक एमएस कन्सल्टेन्स हुन्। राउण्डअबाउट सहकर्मी समीक्षा परामर्शदाता , पैदलयात्रु सुरक्षामा केन्द्रितसहित राउन्डअबाउटमा राष्ट्रिय मान्यताप्राप्त बिज्ञहरु किट्टेलसन & असोसियट्स अफ ह्यारिसबर्ग हुन्।

### कुन जानकारी समीक्षा गरिएको छ?

सहकर्मी समीक्षाको साथ चार्ज गरिएका कन्सल्टेन्टले डिजाइनलाई संघिय, राज्य र उद्योग दिशानिर्देशहरुसंग सुसंगत छ भन्ने सुनिश्चित गर्न कारकको बिबिधतालाई हेर्नेछन् साथै 20-बर्षे ट्राफिक वृद्दि अनुमानहरुको आवश्यकताहरुलाई पूरा गर्नेछन्।

बैठकहरुको अवधिभर, कन्सल्टेन्टले साइट शर्त हेर्नेछन्, ट्राफिक र सुरक्षा आवश्यकताहरु मूल्यांकन गर्नेछन्, वैचारिक ट्राफिक नियन्त्रण रणनीतिहरु छलफल गर्नेछन् र सडकमार्गसंग सम्बन्धित संकलित डाटा समीक्षा गर्नेछन्।

उनीहरु निर्धारण गर्नको लागी सार्वजनिक संलग्नता प्रक्रियाद्वारा जोड दिइएका कुनै पनि चासोहरु पनि समीक्षा गर्नेछन् ताकि त्यहाँ त्यस्ता चासोहरुलाई सम्बोधन गर्न डिजाइनमा अद्यावधिकहरुको आवश्यकता छ।

बेफ्रन्ट परियोजनाको मामिलामा, सल्लाहकारलाई दृष्टिविहिनहरुका आवश्यकताहरु सहित राउण्डअबाउटहरुमा पैदलयात्रुको सुरक्षासंग सम्बन्धित जानकारी समीक्षा गर्नुसंग पनि चार्ज गरिएको छ। प्रक्रियाको यस अंशले सम्पुर्ण प्रयोगकर्ताहरुको आवश्यकताहरु सन्तुलन गर्नको लागी राउण्डअबाउटहरु सहि आकार हुन् भन्ने

*(पेज 2 मा जारी)*

### महत्वपूर्ण परियोजना मितिहरु

- बेफ्रन्ट पार्कबे केन्द्रिय करिडोर भर्चुअल पब्लिक मिटिंग: बसन्तयाम 2021
- 12औं स्ट्रिट ट्राफिक सिग्नल तथा इस्ट बेफ्रन्ट पूरक परियोजनाहरु: 2021 मा निर्माण
- सैनिक तथा नाविकहरुको गृहमा पहुँच सुधारहरु: 2021 मा निर्माण

**यो परियोजनाको उद्देश्य एरी सेन्ट्रल बिजीनेस डिस्ट्रिक्ट तथा नजिकको छिमेकहरुबाट बेफ्रन्ट पार्कवेको उत्तरमा वाटरफ्रंट प्रोपर्टीसम्मको पैदल यात्री, साइकल, ट्रान्जिट तथा यात्रु सवारी साधन कनेक्सनलाई सुधार गर्नु, बेफ्रन्ट पार्कवेमा धैरै भन्दा धैरै व्यबहारिक रुपमा दुर्घटना कम गराउनु, भविष्यको भीडभाडलाई सेवाको स्वीकार्य तहसम्म वा ढिलाईमा सुधार गर्नु तथा ट्राफिक अपरेसन र कार्यदक्षतालाई सुधार गर्नु हो।**



चित्रित गरिएको बेफ्रन्ट पार्कवे र हल्याण्ड स्ट्रीटमा प्रस्तावित गरिएका सुधारहरू हुन्। प्रस्तावित राउन्डअबाउट एक चलिरहेको सहकर्मी समीक्षाको भाग हो। योजनामा समावेश अन्य इन्टरसेक्सनहरुको अतिरिक्त रेन्डरिंगहरू www.BayfrontParkwayProject.com वा www.PennDOT.gov/District1 मा अनलाइन फेला पार्न सकिन्छ।

## सहकर्मी समीक्षा निष्कर्षहरु बसन्तको बैठक र अनलाईनमा सार्बजनिक गरिनेछ।

*( पेज 1 बाट शुरु गरिएको)*

सुनिश्चित गर्नमा केन्द्रित हुनेछ।

### जानकारी कसले समीक्षा गर्दछ?

PennDOT द्वारा अनुबन्धित परामर्शदाताहरुले सहकर्मी समीक्षामा प्रयासको नेतृत्व गर्दछन्। उनीहरुलाई PennDOT, प्राथमिक परामर्शदाता र सहकर्मी समीक्षा समितिले सहयोग गर्दछन्।

बेफ्रन्ट पार्कवे योजनाको लागी सहकर्मी समीक्षा समितिका सदस्यहरुमध्ये एरी काउन्सिलको शहरको प्रतिनिधी तथा शहरको प्रशासन टोलीको सदस्य हुनेछन्।

समितिले ईनपूट प्रदान गर्नेछ र प्रक्रिया भरिका प्रगति र सम्भावित सिफारिशहरु सूचित गराइनेछ। समीक्षाको लागी प्रयोगात्मक योजनाले सल्लाहकार तथा समितिको बिचमा कम्तीमा दुई बैठकहरुको लागी बोलाउनेछ।

### प्रक्रिया कति समय लाग्छ?

एक नमुना सहकर्मी पूर्वावलोकन प्रक्रियालाई पूरा हुन करिब तिन महिना लाग्छ। बेफ्रन्ट पार्कवे राइण्डअबाउट समीक्षाका लागी लक्ष्य समाप्त हुन र 2021 को बसन्तमा नतिजा साझेदारी गर्नको लागी तयार हुनु हो।

### निष्कर्षसंग के गरिएको छ?

राउण्डअबाउट सहकर्मी समीक्षाको नतिजाहरु PennDOT, बेफ्रन्ट पार्कवे परियोजना सल्लाहकार समितिका साथै शहर परिषदसंग साझेदार गरिनेछ र सहकर्मीद्वारा सिफारिस गरिएका कुनै पनि सम्भावित परिवर्तनहरु एक सार्वजनिक बैठकमा प्रतिक्रियाको लागी जनतासंग साझेदारी गरिनेछ।

### के जनताले नतिजाहरु थाहा पाउनेछन्?

जनताले 2021 को बसन्त ऋतुमा सम्पन्न हुने सार्वजनिक सभामा उपस्थित भएर वा www.BayfrontParkwayProject.com वा www.PennDOT.gov/District1 मा अनलाइन गएर सहकर्मी समीक्षाको नतिजाहरुको बारेमा जान्न सक्नेछन्। जानकारी परियोजना फेसबुक समूह — Bayfront Parkway Project द्वारा पनि साझेदारी गरिनेछ।

## योजनाबद्द पैदलयात्री पुलहरुको सहकर्मी समीक्षा

प्रस्तावित राउण्डअबाउटहरुको सहकर्मी समीक्षा देखि अलग, यो प्रक्रिया हल्याण्ड स्ट्रीट, सास्साफ्रास स्ट्रीट एक्सटेन्सन र स्टेट स्ट्रीटमा प्रस्तावित पैदल यात्री पुलहरुको लागी पनि पुरा गरिनेछ।

कार्य हल्याण्ड स्ट्रीटको ढाँचाको समीक्षासंगै सुचारु हुनेछ।

राउण्डअबाउट सहकर्मी समीक्षा जस्तै, बैठकहरुको एक श्रृंखला पैदलयात्री पुलको डिजाइन, सौन्दर्यकलामा हेराई, लागत, पंतिबद्दता र प्रयोगमा सजिलोको मूल्यांकन गर्न आयोजित गरिनेछ।

पुलहरुका लागी सहकर्मी समीक्षा परामर्शदाता फिलाडेल्फियाको टि.वाइ. लीन इन्टरनेशनल हो।

सहकर्मी समीक्षाहरुको बारेमा सवालहरु PennDOT प्रोजेक्ट मेनेजर टम म्याकक्लिल्याण्डलाई निर्देशित गर्न सकिन्छ।

www.BayfrontParkwayProject.com वा www.PennDOT.gov/District1 मा अनलाइन गएर वा 814-678-7081 वा thmcclella@pa.gov मा PennDOT परियोजना मेनेजर टम म्याकक्लिल्याण्ड, P.E. लाई सम्पर्क गरेर परियोजनाको बारेमा तपाईंले के मन पराउनुहुन्छ वा तपाईंसंग हुन सक्ने चासोहरुको बारेमा हामीलाई बताउनुहोस्।